# उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७६।६।२

प्रस्तावना : प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य तथा स्थानीय तहका सदस्यको उपनिर्वाचनमा हुने खर्चको सञ्चालन र नियमन गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २८ को प्रयोजनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ख) "उपनिर्वाचन" भन्नाले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम हुने प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष, नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडाध्यक्षको उपनिर्वाचन सम्झनु पर्छ ।

(ग) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(घ) "निर्वाचन कार्यालय" भन्नाले उपनिर्वाचन हुने जिल्लाको जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ङ) "मतदान अधिकृत" भन्नाले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ तथा स्थानीय तह

निर्वाचन ऐन, २०७३ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

## परिच्छेद-२

## आर्थिक कारोबार सम्बन्धी व्यवस्था

३. बजेट सम्बन्धी व्यवस्था : (१) निर्वाचन आयोग ऐन, २०७३ को दफा २७ बमोजिम आयोगले उपनिर्वाचन सञ्चालनको लागि आवश्यक पर्ने बजेट नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष माग गर्नेछ।

[Σ](२) उपनिर्वाचन सञ्चालनको लागि खर्च शीर्षक नं.२२५२९ विविध कार्यक्रम खर्चमा अर्थ मन्त्रालयबाट निकासा प्राप्त रकम आयोगले यस कार्यविधिमा स्पष्ट रुपमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम खर्च गर्नेछ ।

(३) उपदफा (२) बमोजिम आयोगले उपनिर्वाचन सञ्चालनको लागि आयोग, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयलाई विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा रकम बाँडफाँट मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयलाई विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा बाँडफाँट गरिएको रकमको खर्च गर्ने अख्तियारी आयोगले दिनेछ ।

४. खर्च गर्ने : (१) दफा ३ बमोजिम उपनिर्वाचन सञ्चालनको लागि प्राप्त निकासा रकम खर्च गर्दा यस कार्यविधिको अधीनमा रही खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्दा यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम नलेखिएको हकमा प्रचलित संघीय कानून बमोजिम खर्च गर्नु पर्नेछ ।

५. कर्मचारीले पाउने सुविधा : (१) आयोग र उपनिर्वाचन हुने निर्वाचन कार्यालयमा कार्यरत कर्मचारी (काज, करार समेत) र आयोगका पदाधिकारीका निजी सुरक्षा अधिकारी (पि.एस.ओ.) ले उपनिर्वाचन तोकिएको मितिदेखि मतगणना सम्पन्न भएको पैंतीस दिनसम्म (मतगणना सम्पन्न पश्चात् उपनिर्वाचन प्रतिवेदनको तयारी, समीक्षा समेतका लागि संलग्न रहनु पर्ने) [Δ]शुरु तलब स्केलको पचहत्तर प्रतिशतसम्म उपनिर्वाचन भत्ता वापतको रकम पाउनेछन्।

तर सात दिन भन्दा बढी घर बिदा वा पन्ध्र दिन भन्दा बढी प्रसूति बिदामा रहेका कर्मचारीले उपनिर्वाचन भत्ता पाउने छैनन। [*]साथै आयोगको स्वीकृत दरबन्दी बाहेक अन्य निकायबाट उपनिर्वाचनको काममा खटी आएका कर्मचारीले दरबन्दी रहेको कार्यालयबाट भत्ता (प्रोत्साहन) पाइरहेको भए दोहोरो नपर्ने गरी भुक्तानी गरिनेछ ।

---

[Σ] अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

[Δ] आयोगको मिति २०७६-४-२९ को निर्णयले खाइपाइ आएको मासिक तलबको एकसय एक्काईस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ता उपलब्ध गराउने प्रस्ताव भएकोमा अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

[*] अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

(२) उपनिर्वाचनको कामका लागि आयोग र निर्वाचन कार्यालयका कर्मचारी (काज, करार समेत) लाई कार्यालय समय अघि वा पछि (बिहान र बेलुका) दुइ घण्टा भन्दा बढी अतिरिक्त समय काममा लगाउनु परेमा त्यसरी काममा लगाइएका कर्मचारी र सम्पादित कामको विवरण सम्बन्धित शाखा प्रमुखले सिफारिस गरी महाशाखा प्रमुखबाट प्रमाणित गरेको आधारमा [Ω]खाजा तथा खाना खर्चको रकम नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिमको रकम उपलब्ध गराइनेछ ।

तर बिहान बेलुका कम्तीमा एक/एक घण्टा वा सो भन्दा बढी अतिरिक्त समय काम नगरेका कर्मचारीलाई सो दिनको खाजा तथा खाना खर्च उपलब्ध गराइने छैन। [θ]साथै आयोगको स्वीकृत दरबन्दी बाहेक अन्य निकायबाट उपनिर्वाचनको काममा खटी आएका कर्मचारीले दरबन्दी रहेको कार्यालयबाट खाजा तथा खाना खर्चको रकम पाइरहेको भए दोहोरो नपर्ने गरी भुक्तानी गरिनेछ ।

(३) उपनिर्वाचनको कुनै काममा संलग्न आयोगका पदाधिकारी वा आयोग वा निर्वाचन कार्यालयका कर्मचारी उपनिर्वाचन अवधिमा निजको पदाधिकार रहेको कार्यालय भन्दा बाहिर रात बिताउनु पर्ने गरी काममा खटिएको अवस्थामा खटिने कर्मचारीलाई खटिएको अवधिभरको लागि दैनिक भत्ता भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको अतिरिक्त दैनिक भत्ताको पचास प्रतिशतले हुन आउने रकम थप भत्ता दिइनेछ ।

(४) आचारसंहिता कार्यान्वयन तथा अनुगमन, प्रचार प्रसार, मतदान, मतगणना वा अन्य काम कारवाहीको अनुगमन गर्न अनुगमनकर्ता वा अनुगमन टोली खटाउँदा आयोगले नियुक्ति गरेको मिति देखि खटिएको अवधिभरको लागि [Δ]शुरु तलब स्केलको पचहत्तर प्रतिशतसम्म उपनिर्वाचन भत्ता तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पाउने दैनिक भ्रमण भत्ताको अतिरिक्त दैनिक भ्रमण भत्ताको पचास प्रतिशतले हुन आउने रकम थप भत्ता दिइनेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम खटिने पदाधिकारी वा कर्मचारीले अनिवार्य रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) उपदफा (३) वा (४) बमोजिम खटिएको कर्मचारीलाई भ्रमण अवधिको खाजा तथा खाना खर्च दिइने छैन।

(७) उपनिर्वाचन अवधिका लागि आयोगका सचिवलाई प्रतिमहिना दुइहजार, सह-सचिवलाई एक हजार पाँचसय र उपसचिवलाई एकहजारका दरले सञ्चार सुविधा दिइने छ।

---

[Ω] आयोगको मिति २०७६-४-२९ को निर्णयले खाजा तथा खाना खर्चको लागि दैनिक पाँचसय देखि सातसय रुपैयाँ उपलब्ध गराउने प्रस्ताव भएकोमा अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

[θ] अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

[Δ] आयोगको मिति २०७६-४-२९ को निर्णयले खाइपाइ आएको मासिक तलबको एकसय एक्काईस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ता उपलब्ध गराउने प्रस्ताव भएकोमा अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

(८) उपनिर्वाचन अवधिका लागि अनुगमनमा खटिने अनुगमनकर्ता वा अनुगमन टोलीको संयोजकलाई सचिवस्तरको भए प्रतिमहिना दुइहजार, सह-सचिवस्तर भए एकहजार पाँचसय र उपसचिवस्तर भए एकहजारका दरले सञ्चार सुविधा दिइनेछ।

६. <u>उपनिर्वाचन सञ्चालन खर्च</u> : आयोगले उपनिर्वाचन सञ्चालनको लागि देहाय बमोजिम खर्च गर्न सक्नेछ :-

(क) उपनिर्वाचन सञ्चालन गर्न आवश्यक पर्ने सामग्री उत्पादन, खरिद, छपाइ र ढुवानी, मतदाता शिक्षा सामग्री, मतपत्र आदिको डिजाइन, उत्पादन, छपाइ, प्याकिङ र ढुवानी समेतको खर्च,

(ख) आयोग तथा निर्वाचन कार्यालयले उपनिर्वाचनको सन्दर्भमा सञ्चालन गर्ने मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम तथा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदान वा मतगणनामा खटिने कर्मचारी, जिल्ला निर्वाचन अधिकारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, पर्यवेक्षकको लागि सञ्चालन गर्ने तालिम, अभिमुखीकरण, लेखा तथा सामग्री व्यवस्थापन, मतदाता शिक्षा स्वयंसेवकको अभिमुखीकरण, राजनीतिक दलसँग छलफल तथा अन्तर्किया वा यस्तै अन्य तालिम तथा प्रशिक्षण कार्यक्रम र छलफल वा अन्तर्किया सञ्चालन तथा व्यवस्थापन खर्च,

(ग) आयोग र निर्वाचन कार्यालयमा उपनिर्वाचन सञ्चालन अवधिमा खपत हुने पानी तथा बिजुली, सञ्चार महशूल, घरभाडा (गोदाम समेत), सञ्चालन तथा मर्मत सम्भार, इन्धन तथा कार्यालय सामान लगायतका सामानमा बिल बमोजिमको खर्च,

(घ) आयोग र उपनिर्वाचन हुने निर्वाचन कार्यालयका लागि उपनिर्वाचन अवधिभर विविध खर्चमा आयोगले बाँडफाँट गरेको रकमबाट हुने खर्च,

(ङ) यस कार्यविधिमा उल्लिखित अन्य विभिन्न कार्यका लागि गरिने खर्च,

(च) उपनिर्वाचन सञ्चालन गर्न आवश्यक पर्ने भनी आयोगको निर्णयानुसार गरिने कार्यको खर्च ।

## परिच्छेद-३

## <u>निर्वाचन अधिकृतको कार्यालय स्थापना, कर्मचारी व्यवस्थापन र आर्थिक कारोबार सम्बन्धी व्यवस्था</u>

७. <u>कार्यालय स्थापना गर्नुपर्ने</u> : (१) निर्वाचन अधिकृतले आफू खटिएको प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यको उपनिर्वाचनको हकमा जिल्लाको जिल्ला सदरमुकाममा र अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा वडा अध्यक्षको उपनिर्वाचनको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिका केन्द्रमा कुनै सरकारी कार्यालय वा सरकारी स्वामित्वको कार्यालय वा भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यालय वा भवन नपाइएको कारण घर भाडामा लिनुपर्ने अवस्था भएमा दफा १६ मा उल्लिखित बजेटको सीमाभित्र रही उपयुक्त स्थानमा घर भाडामा लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम घर भाडा निर्धारण गर्दा घर भाडा निर्धारण समितिको निर्णय आवश्यक पर्ने छैन ।

८. <u>निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी तथा सुरक्षाकर्मी सम्बन्धी व्यवस्था</u> : (१) निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीको विवरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा कर्मचारी नियुक्ति गर्दा संघ वा प्रदेशको स्थानीयस्तरमा कार्यरत निजामती कर्मचारीलाई नियुक्ति गर्नु पर्नेछ ।

(३) कुनै गाउँपालिका वा नगरपालिकामा स्थानीयस्तरमा कार्यरत निजामती कर्मचारीले मात्र नपुग हुने अवस्थामा सम्बन्धित स्थानीय तहमा समायोजन भई आएका कर्मचारी वा स्थानीय सेवाको कर्मचारीलाई नियुक्त गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यालयको कम्प्युटर अपरेटरलाई नियुक्ति गर्नु पर्नेछ । तर त्यस्तो कम्प्युटर अपरेटरलाई नियुक्ति गर्न संभव नभएमा आयोगको सहमति लिइ अन्य सरकारी कार्यालयको कम्प्युटर अपरेटरलाई नियुक्ति गर्नु पर्नेछ।

(५) निर्वाचन अधिकृतको कार्यालय र मतपत्र लगायतका निर्वाचन सामग्रीको सुरक्षाको लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि उक्त कार्यालय सञ्चालनमा रहने अवधिभर बढीमा पाँचजना सुरक्षाकर्मी रहनेछन्।

(६) निर्वाचन अधिकृतको कार्यालयमा रहने सुरक्षाकर्मीको खटन पटनको व्यवस्था सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयले मिलाउनु पर्नेछ ।

९. <u>आर्थिक कारोबार सञ्चालन हुने</u> : (१) निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजश्व र धरौटीको आर्थिक कारोबार निर्वाचन अधिकृत वा निजले अख्तियारी दिएको अधिकृत र लेखाको काम गर्न तोकिएको लेखा समूहको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक कारोबार सञ्चालन गर्दा प्रचलित कानून बमोजिमको रीत पुऱ्याई गर्नु पर्नेछ ।

ϖ१०. रकम निकासा दिनुपर्ने : आयोगले बाँडफाँट गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गरी निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयले प्राप्त गरेको अख्तियारी बमोजिमको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित कार्यालयको नाममा निकासा दिनु पर्नेछ ।

## परिच्छेद-४

## निर्वाचन अधिकृतको कार्यालयको खर्च सम्बन्धी व्यवस्था

११. निर्वाचन भत्ता : (१) निर्वाचन अधिकृतको कार्यालयम रहने दफा ८ बमोजिमका कर्मचारी मध्ये मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतले नियुक्ति पाएको मितिदेखि र अन्य कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको दिनदेखि मतगणना सम्पन्न भएको मितिले सात दिनसम्म Δशुरु तलब स्केलको पचहत्तर प्रतिशतसम्म उपनिर्वाचन भत्ता वापतको रकम पाउनेछन्।

तर उपनिर्वाचनको काममा निर्वाचन अधिकृतको कार्यालयमा खटी आएका कर्मचारीले दरबन्दी रहेको कार्यालयबाट भत्ता (प्रोत्साहन) पाइरहेको भए दोहोरो नपर्ने गरी भुक्तानी गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोडी खर्च लेख्न पाइने छैन ।

(३) दफा ८ को उपदफा (५) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा खटिएका सुरक्षाकर्मीलाई निर्वाचन अधिकृतको कार्यालय रहँदासम्म Ωनेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनिर्वाचनको काममा खटिएको अवस्थामा बाहेक जगेडामा रहेको कर्मचारीलाई यस कार्यविधि बमोजिमको भत्ता तथा सुविधा दिइने छैन ।

१२. दैनिक तथा भ्रमण खर्च : (१) निर्वाचन अधिकृतले आफ्नो पदाधिकार रहेको कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालयमा हाजिर हुन जाँदा र कार्य सम्पन्न गरी आफ्नो पदाधिकार रहेको कार्यालयमा फर्किंदा सम्मको अवधिको लागि भ्रमण खर्च नियमावली, २०६४ बमोजिम उल्लिखित तहले पाउने दैनिक तथा भ्रमण भत्ता सोही नियमावलीको नियम ७ को उपनियम (७) बमोजिम भुक्तानी पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो पदाधिकार रहेको जिल्लामा नै खटिएको निर्वाचन अधिकृतले दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

---

ϖ अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

Δ आयोगको मिति २०७६-४-२९ को निर्णयले खाइपाइ आएको मासिक तलबको एकसय एक्काईस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ता उपलब्ध गराउने प्रस्ताव भएकोमा अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

Ω आयोगको मिति २०७६-४-२९ को निर्णयले खाजा तथा खाना खर्चको लागि दैनिक पाँचसय देखि सातसय रुपैयाँ उपलब्ध गराउने प्रस्ताव भएकोमा अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

तर पदाधिकार रहेको कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालय रहेको स्थान पन्ध्र किलोमिटर भन्दा बढी भएमा त्यस्तो निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम दैनिक तथा भ्रमण भत्ता भुक्तानी पाउनेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको दैनिक भत्ता पाउँदा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (२) बमोजिम थप रकम पाउने रहेछ भने दैनिक भत्तामा सो रकम समेत थप गरी पाउनेछ ।

(४) उपनिर्वाचन सम्बन्धी कामको सिलसिलामा सम्बन्धित निर्वाचन क्षेत्र, स्थानीय तह वा वडाभित्र मतदान केन्द्रको निरीक्षण वा आचारसंहिता अनुगमनका लागि जानु परेमा निर्वाचन अधिकृतले प्रतिदिन दुइहजार अनुगमन भत्ता पाउनेछ । तर त्यस्तो अनुगमन भत्ता उपनिर्वाचन अवधिभर दश दिन भन्दा बढी अवधिको लागि भुक्तानी दिइने छैन ।

(५) उपदफा (४) बमोजिम अनुगमन गरिसकेपछि अनिवार्य रुपमा अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) निर्वाचन अधिकृतको कार्यालयमा नियुक्त भएका दफा ८ को उपदफा (४) बमोजिमको कम्प्युटर अपरेटर र अन्य कुनै कर्मचारी आफ्नो पदाधिकार रहेको कार्यालय भन्दा पन्ध्र किलोमिटर टाढाबाट खटिएको अवस्थामा यस दफा बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

[θ]तर उपनिर्वाचनको काममा निर्वाचन अधिकृतको कार्यालयमा खटी आएका कर्मचारीले दरबन्दी रहेको कार्यालयबाट दैनिक भ्रमण भत्ता पाइरहेको भए दोहोरो दैनिक भ्रमण भत्ता पाउने छैनन् ।

१३. पानी तथा बिजुली : निर्वाचन अधिकृतको कार्यालयको लागि पानी, धारा तथा बिजुलीको खर्च वापत सो कार्यालय सञ्चालनमा रहेसम्मको अवधिको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम नियमानुसार दिइनेछ ।

१४. सञ्चार खर्च : (१) मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालयमा टेलिफोन,फ्याक्स तथा इन्टरनेट समेतको प्रयोजनको लागि एक लाईन टेलिफोन जडान गर्न वा भाडामा लिन सकिनेछ । यसरी जडान गर्दा वा भाडामा लिंदा लाग्ने खर्चको भुक्तानी निर्वाचन कार्यालयबाट हुनेछ ।

(२) सञ्चार महशूल वापत मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले प्रतिमहिना अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम पाउनेछन् ।

(३) उपनिर्वाचन सम्बन्धी कामको लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई मोबाइल सुविधा वापतको रकम उपनिर्वाचन अवधिभरको लागि प्रति महिना दुइहजार रुपैयाँ उपलब्ध गराइनेछ ।

(४) उपनिर्वाचन सम्पन्न भएपछि उपदफा (१) बमोजिमको टेलिफोन तथा ईन्टरनेट बन्द गर्ने दायित्व निर्वाचन कार्यालयको हुनेछ ।

---

θ अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

१५. <u>कार्यालय सम्बन्धी खर्च</u> : कार्यालय सम्बन्धी कामका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयले उपनिर्वाचन अवधिभरको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम खर्च गर्न पाउनेछन् ।

१६. <u>घरभाडा खर्च</u> : मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयले उपनिर्वाचन सञ्चालनका लागि दफा ७ को उपदफा (२) बमोजिम घर भाडामा लिएकोमा अनुसूची-२ मा उल्लेख भएको रकमको अधीनमा रही भुक्तानी गर्नु पर्नेछ ।

१७. <u>मर्मत तथा सम्भार</u> : मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयको लागि उपनिर्वाचन अवधिभर सवारी साधन, कम्प्युटर, प्रिन्टर लगायतका सामग्री मर्मत गर्नु परेमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम खर्च गर्न सक्नेछ ।

१८. <u>इन्धन तथा अन्य इन्धन</u> : मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले उपनिर्वाचन अवधिभरको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम इन्धन तथा अन्य इन्धन वापत खर्च गर्न सक्नेछ ।

१९. <u>विविध खर्च</u> : मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयले उपनिर्वाचन अवधिभर अतिथि सत्कार तथा भैपरी आउने कामको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम खर्च गर्न सक्नेछ ।

## परिच्छेद-५

## <u>मतदान केन्द्रमा खटिने जनशक्ति र मतदान केन्द्रको खर्च सम्बन्धी व्यवस्था</u>

२०. <u>मतदान केन्द्रमा खटिने जनशक्ति तथा पाउने सुविधा</u> : (१) प्रत्येक मतदान केन्द्रमा खटिने कर्मचारीको विवरण अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम मतदान केन्द्रमा खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा कर्मचारी नियुक्ति गर्दा स्थानीयस्तरका सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरूलाई नियुक्ति गर्नु पर्नेछ ।

(३) मतदान केन्द्रमा खटिने कर्मचारीलाई अनुसूची-४ मा उल्लेख भए बमोजिमको दैनिक तथा भ्रमण खर्च सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराइनेछ ।

(४) मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत मतदान केन्द्रमा खटिने सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई आफू कार्यरत कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालयमा नियुक्ति लिन आउँदा लाग्ने दिन, तयारी म्याद एक दिन, निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म जाँदा लाग्ने दिन, मतदान केन्द्रमा बस्नुपर्ने तीन दिन, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म आउँदा लाग्ने दिन र निर्वाचन अधिकृतको कार्यालयबाट आफू कार्यरत कार्यालयमा फर्किदा लाग्ने दिन समेत कूल अवधिका लागि अनुसूची-४ बमोजिमको दैनिक भत्ता तथा बिल बमोजिमको यातायात खर्च वापतको रकम भुक्तानी दिइनेछ ।

(५) उपदफा (४) बमोजिम दैनिक भत्ता भुक्तानी दिंदा पैदल भ्रमण गर्नुपर्ने स्थानको लागि प्रतिदिन पन्ध्र किलोमिटरका दरले गणना गर्नु पर्नेछ। किलोमिटरको आधारमा दिन गणना गर्दा सवारी साधन नचल्ने स्थानबाट मात्र गणना गर्नु पर्नेछ ।

२१. मतदान अधिकृतको थप सुविधा : मतदान अधिकृतलाई मोबाईल फोन रिचार्ज तथा अन्य विविध कार्यका लागि थप सुविधा वापत अनुसूची-४ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

२२. स्वयंसेवक खर्च : मतदान केन्द्रमा स्वयंसेवकको रूपमा नियुक्त हुने व्यक्तिलाई खाजा तथा खाना वापत तीन दिनको लागि दिइने प्रतिदिन प्रतिव्यक्ति अनुसूची-४ मा उल्लेख भए बमोजिमको रकम मतदान अधिकृतलाई एकमुष्ट उपलब्ध गराइनेछ ।

२३. मतदान केन्द्र र बत्ती तथा अन्य निर्माण खर्च : मतदान केन्द्र निर्माण गर्न भवन भएका मतदान केन्द्र र भवन नभएका मतदान केन्द्रका लागि अनुसूची-४ मा उल्लेख भए बमोजिमको रकम मतदान अधिकृतलाई उपलब्ध गराईनेछ ।

२४. ढुवानी खर्च : (१) मतपत्र,मतपेटिका तथा अन्य सामग्री निर्वाचन अधिकृतको कार्यालय वा निर्वाचन कार्यालयबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट मतगणना स्थलसम्म ढुवानी गर्दा पैदल हिंड्नु परेमा पन्ध्र किलोमिटर दूरीको लागि एकदिन कायम गरी प्रतिदिन प्रति मतपेटिका अनुसूची-४ मा उल्लेख भए बमोजिमको दरले हुने रकम मतदान अधिकृतलाई ढुवानी खर्च वापत उपलब्ध गराइनेछ ।

(२) सार्वजनिक सवारी साधन प्रयोग गरी मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गरेको अवस्थामा मतदान अधिकृतलाई उपदफा (१) बमोजिम हुने रकमको पचास प्रतिशत रकम दिइनेछ । त्यसरी खर्च लेख्दा दोहोरो हुने गरी खर्च लेख्न पाइने छैन ।

(३) मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन कार्यालयसम्म मतपेटिका लगायतका अन्य निर्वाचन सामग्री ढुवानीको व्यवस्था निर्वाचन कार्यालयले मिलाउनु पर्नेछ ।

२५. खर्च लेखी भुक्तानी दिनुपर्ने : मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत मतदान केन्द्रमा खटिने सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई दफा २० बमोजिमको दैनिक तथा भ्रमण भत्ता हिसाब गरी निज खटिएको अवस्थामा नै अनुसूची-५ बमोजिमको भर्पाई गराई निर्वाचन अधिकृतको कार्यालयले खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

२६. बिल भर्पाई पेश गर्नु नपर्ने : मतदान अधिकृतले दफा २१, २२, २३ र २४ को खर्चको बील भर्पाई पेश गर्नुपर्ने छैन ।

## परिच्छेद-६

## मतगणना सम्बन्धी व्यवस्था

२७. मतगणना जनशक्ति र खर्च : (१) मतगणना कार्यका लागि मतगणना टोलीमा रहने कर्मचारीको विवरण अनुसूची-६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना टोलीमा रहेको कर्मचारीले प्रत्येक सिफ्ट [λ](आठ घण्टाको एक सिफ्ट) का लागि निर्धारण गरिए बमोजिम मतगणना वापत अनुसूची-७ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(३) मतगणनाको लागि एकै समयमा एक भन्दा बढी मतगणना टोली परिचालन गरिएकोमा प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) लाई प्रत्येक थप टोलीको लागि अनुसूची-७ मा उल्लेख भए बमोजिमको थप रकम उपलब्ध गराइनेछ।

(४) निर्वाचन अधिकृतको कार्यालयले मतगणना अवधिभर मतगणना कार्यमा खटिने निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीलाई मतगणना कार्यमा खटिए वापत प्रतिसिफ्ट प्रतिव्यक्ति अनुसूची-७ मा उल्लेख भए बमोजिमको भत्ता उपलब्ध गराउनेछ ।

(५) मतगणना कार्यको प्रगति विवरण अद्यावधिक गर्न एवं मतगणना कार्यमा आवश्यक सहयोग तथा समन्वय गर्न खटिने निर्वाचन कार्यालयका कर्मचारीलाई मतगणना अवधिभर अनुसूची-७ मा उल्लेख भए बमोजिमको भत्ता उपलब्ध गराइनेछ ।

२८. मतगणना व्यवस्थापन खर्च : (१) निर्वाचन अधिकृतको कार्यालयले मतगणना स्थलमा आवश्यक पर्ने गुन्द्री, कार्पेट, चकटी, बत्ती, पानी, जेनेरेटर, माईक आदिको व्यवस्थापन गर्न अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम खर्च गर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतको कार्यालयले मतगणना कार्यमा खटिने कर्मचारीको खाजा र चियापान वापत प्रत्येक सिफ्टका लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम खर्च गर्न सक्नेछ ।

## परिच्छेद-७

## स्रेस्ता राख्ने तथा लेखा परीक्षण गर्ने सम्बन्धी व्यवस्था

२९. कर कट्टी सम्बन्धी व्यवस्था : (१) उपनिर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी समेतलाई उपनिर्वाचन भत्ता, खाजा तथा खाना खर्च लगायतका सेवा सुविधा वापतको रकम नगदमा भुक्तानी गर्दा सबै शीर्षकमा पन्ध्र प्रतिशतका दरले अग्रीम आयकर कट्टा गर्नु पर्नेछ ।

तर दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी दिंदा कर कट्टी गर्नु पर्ने छैन ।

(२) घरभाडा (गोदाम समेत) को भाडा भुक्तानी गर्दा दश प्रतिशतका दरले घर बहाल कर कट्टा गरिनेछ ।

(३) स्वयंसेवक परिचालन गर्दा उपलब्ध गराइएको स्वयंसेवक भत्तामा कर कट्टा गरिने छैन।

λ अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

(४) उपनिर्वाचन सञ्चालन तथा व्यवस्थापनमा भएका प्रशासनिक तथा व्यवस्थापन खर्चमा प्रचलित संघीय कानून बमोजिम लाग्ने दर अनुसार कर कट्टी गर्नु पर्नेछ ।

३०. <u>स्रेस्ता तथा फाँटवारी तयार गर्नुपर्ने</u> : (१) निर्वाचन अधिकृतले यस कार्यविधि बमोजिम खर्च गर्दा प्रचलित कानून बमोजिम बजेट सीट, खर्चको फाँटवारी, माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट, बैंक नगदी किताब, पेश्की लेजर आदि सहित रीतपूर्वकको स्रेस्ता राख्नु पर्नेछ ।

(२) उपनिर्वाचन परिणाम घोषणा भएको मितिले पाँच दिनभित्र अख्तियारीसाथ दिइएको वर्गीकरण र अनुसूची-८ बमोजिमको खर्चको फाँटवारी तयार गरी आन्तरिक लेखा परीक्षणको लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

३१. <u>खर्चको बील भर्पाई प्रमाणित गरी राख्नुपर्ने</u> : निर्वाचन अधिकृतले निर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकृतबाट प्रत्येक खर्चको बील, भर्पाई र फाँटवारीसँग सम्बन्धित सम्पूर्ण स्रेस्ता प्रमाणित गरी राख्नु पर्नेछ ।

३२. <u>थप खर्चका लागि पूर्व स्वीकृति लिनुपर्ने</u> : (१) निर्वाचन अधिकृतले यस कार्यविधिमा उल्लेख भए बमोजिमको शीर्षकमा तोकिएको भन्दा बढी रकम खर्च गर्नुपर्ने अवस्था आइपरेमा सोको पर्याप्त आधार, कारण र पुष्ट्याई सहित स्वीकृतिको लागि आयोगमा लेखी पठाउनु पर्नेछ र सो सम्बन्धमा आयोगले दिएको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले यस कार्यविधि बमोजिम खर्च गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा स्पष्टताका लागि आयोगमा अनुरोध गर्न सक्नेछ।

३३. <u>राजश्व खातामा रकम दाखिला गर्नुपर्ने</u> : निर्वाचन अधिकृतको कार्यालयले नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व रकम सम्बन्धित राजश्व खातामा निर्वाचन कार्यालयको कार्यालय कोडमा जम्मा गर्नु पर्नेछ ।

३४. <u>रकम फिर्ता गर्नुपर्ने</u> : निर्वाचन अधिकृतको कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिएको रकम बाँकी रहेमा त्यस्तो बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी हिसाब मिलान गर्नु पर्नेछ ।

३५. <u>बाँकी धरौटी रकम जम्मा गर्ने</u> : निर्वाचन अधिकृतले उपनिर्वाचनको परिणाम घोषणा भएको मितिले पाँच दिनभित्र धरौटी खातामा मौज्दात रहेको रकम निर्वाचन कार्यालयको धरौटी खातामा जम्मा गरी त्यस्तो खाता बन्द गर्नु पर्नेछ र सोको जानकारी सहितको विवरण आयोग, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र निर्वाचन कार्यालयमा दिनु पर्नेछ ।

३६. <u>फाँटवारी पठाउनु पर्ने</u> : निर्वाचन अधिकृतको कार्यालयले बजेट उपशीर्षकगत र खर्च शीर्षकगत फाँटवारी निर्वाचन सम्पन्न भएपछि छिटो माध्यमद्वारा आयोगमा पठाउनु पर्नेछ ।

३७. <u>आन्तरिक लेखा परीक्षण गराई स्रेस्ता पठाउनु पर्ने</u> : (१) निर्वाचन अधिकृतले विनियोजन, राजश्व र धरौटी तर्फको स्रेस्ता उपनिर्वाचन परिणाम घोषणा भएको मितिले सात दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयले उपदफा (१) बमोजिम आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन र प्रमाणित आर्थिक विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आन्तरिक लेखा परीक्षण भई प्रतिवेदन प्राप्त भएपछि निर्वाचन अधिकृतले सम्पूर्ण स्रेस्ता र प्रमाणित आर्थिक विवरण अन्तिम लेखा परीक्षणको लागि निर्वाचन अधिकृत वा लेखा प्रमुख आफै उपस्थित भई सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

(४) निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा मौज्दात रहेका सम्पूर्ण जिन्सी सामान कार्यालय बन्द भएपछि सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई सोको भर्पाईको प्रतिलिपि स्रेस्तासाथ संलग्न गर्नु पर्नेछ ।

३८. <u>अन्तिम लेखा परीक्षण</u> : दफा ३७ बमोजिमका स्रेस्ता प्राप्त भएपछि निर्वाचन कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउनेछ ।

३९. <u>निर्वाचन अधिकृतको दायित्व</u> : आर्थिक कारोबार गर्दा गराउँदा निर्वाचन अधिकृतले देहाय बमोजिम गर्नु पर्नेछः-

(क) यस कार्यविधि बमोजिम खर्च गर्दा प्राप्त अख्तियारीको सीमाभित्र रही सम्बन्धित खर्च शीर्षकबाट मात्र रीतपूर्वक खर्च गर्ने,

(ख) खर्च भएको रकमको यथासमयमा आन्तरिक लेखापरीक्षण गराई निर्वाचन कार्यालयमा स्रेस्ता बुझाउने,

(ग) आर्थिक कारोबारसँग सम्बन्धित बिल भरपाई तथा कारोबारसँग सम्बन्धित सबै कागजात प्रमाणित गरी गराई सुरक्षितसाथ राखी सोही बमोजिमका स्रेस्ता सहितका कागजात निर्वाचन कार्यालयमा हस्तान्तरण गर्ने,

(घ) लेखा परीक्षणबाट औंल्याइएको बेरुजु फछ्र्यौट वा असूल उपर गर्नुपर्ने भए फछ्र्यौट वा असूल उपर समेत गरी बेरुजु फछ्र्यौट गर्ने र सो सम्बन्धमा कुनै स्पष्टीकरणको आवश्यकता देखिएमा सोको जानकारी आयोगमा पठाउने र कुनै किसिमको पेश्की रकम बाँकी र बेरुजु हुन नदिने ।

४०. <u>असूल उपर गरिने</u> : (१) यस कार्यविधिको उल्लङ्घन गरी गरेको खर्च त्यस्तो खर्च गर्ने अख्तियार प्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ । सोको अभिलेख सम्बन्धित अधिकारीको तालुक निकायमा समेत पठाइनेछ ।

(२) उपनिर्वाचनको कार्यमा खटिएको कुनै कर्मचारीले यस कार्यविधि बमोजिम पाउने भत्ता वापतको रकम बुझिसकेपछि निजले आयोग वा निर्वाचन अधिकृतले तोकेको जिम्मेवारी पूरा नगरेमा त्यस्तो कर्मचारीलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ४३ र ४४ बमोजिम विभागीय कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइ सो रकम प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ ।

४१. <u>खर्च सार्वजनिक गर्नुपर्ने</u> : निर्वाचन अधिकृतको कार्यालयले कार्यालय स्थापना भएदेखि उपनिर्वाचनसँग सम्बन्धित काममा भएका सम्पूर्ण खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद-८
## विविध

४२. <u>विशेषज्ञ सेवा लिन सक्ने</u> : (१) आयोगले आवश्यकता अनुसार मतदाता नामावली, मतदाता परिचयपत्र, निर्वाचन चिन्ह, मतपत्रको डिजाइन लगायत उपनिर्वाचनको कामको सम्बन्धमा विशेषज्ञको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विशेषज्ञ सेवाका लागि सम्बन्धित विशेषज्ञलाई प्रति महिना ⊙<u>पचहत्तर हजार</u> रुपैयाँ सम्मको पारिश्रमिक भुक्तानी गर्न सकिनेछ ।

४३. <u>बिमा गर्ने</u> : (१) उपनिर्वाचनको काममा संलग्न आयोगका पदाधिकारी, आयोग र उपनिर्वाचन हुने जिल्लाका निर्वाचन कार्यालयहरूमा कार्यरत कर्मचारी (काज, करार र ज्यालादारी समेत), निर्वाचन अधिकृतको कार्यालयका कर्मचारी, मतदाता शिक्षा स्वयंसेवक, अनुगमनकर्ता, अनुगमन टोलीका सदस्य (सवारी चालक समेत), आयोगका पदाधिकारी र निर्वाचन अधिकृतको निजी सुरक्षा अधिकारी (पि.एस.ओ.), विशेषज्ञ सेवाका लागि नियुक्त विज्ञ, मतदान केन्द्रमा खटिने कर्मचारी, स्वयंसेवक लगायत उपनिर्वाचनको काममा संलग्न व्यक्तिको व्यक्तिगत दुर्घटना र बाह्य आक्रमणबाट हुने दुर्घटनाका लागि बीस लाख रुपैयाँको बिमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बिमा गरिने बीमित र बिमाको अवधि आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको बिमा गर्दा सरकारी स्वामित्वको राष्ट्रिय बिमा कम्पनीमा गरिनेछ ।

४४. <u>मतदान कार्य सञ्चालन गर्न आवश्यक हुने सामग्री खरिद गर्ने</u> : (१) आयोगले उपनिर्वाचनको लागि आवश्यक हुने मतदान सामग्री सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-९ बमोजिमको कुनै मतदान सामग्री खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्न संभव नभएमा आयोगले आधार र कारण खुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम खरिद गर्न सक्नेछ ।

४५. <u>अन्य निर्वाचन सामग्री</u> : (१) आयोगले उपनिर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने डेस्कटप कम्प्युटर, ल्यापटप, विभिन्न किसिमका टोनरहरू, फ्याक्स मेशिन, इन्भर्टर, इन्भर्टरको ब्याट्री, प्याकिङ्ग सामग्री, फोटोकपी पेपर, प्रिन्टर, राउटर, यु.एस.वि डंगोल डिभाइस (इन्टरनेटको लागि), पेनड्राइभ,

---

⊙ अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

हार्डडिस्क, कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्टेशनरी सामग्री लगायत उपनिर्वाचन सञ्चालन गर्न आवश्यक हुने सामग्री खरिद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सामग्री खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्न संभव नभएमा आयोगले आधार र कारण खुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम खरिद गर्न सक्नेछ ।

४६. मतदाता नामावली अद्यावधिक गर्ने : (१) उपनिर्वाचन हुने जिल्लाहरूमा उपनिर्वाचन प्रयोजनका लागि मिति तोकिएको दिनसम्मको मतदाता नामावली अद्यावधिक गर्नको लागि स्थानीय तहको वडास्तरमा मतदाता नामावलीमा दावी विरोधको कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन अवधि, खटिने जनशक्ति र सुविधा आयोगबाट निर्णय भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम मतदाता नामावली अद्यावधिक, मतदाता नामावलीको प्रकाशन र अभिमुखीकरण कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्दा लाग्ने खर्च नियमानुसार भुक्तानी गरिनेछ ।

४७. मतदाता शिक्षा तथा सामग्रीको निर्माण र प्रयोगः (१) आयोगले उपनिर्वाचनमा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदाताहरूलाई जानकारी गराउन आवश्यकता अनुसार मतदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) मतदाता शिक्षाका लागि छापा तथा अडियो भिडियो सामग्री निर्माण तथा प्रकाशन प्रसारण, सार्वजनिक महत्वका सूचना (PSA) को निर्माण, प्रकाशन तथा प्रसारण समेत गरिनेछ ।

(३) उपदफा (१) बमोजिम मतदाता शिक्षा सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण गर्दा एवं मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च नियमानुसार भुक्तानी गरिनेछ ।

४८. सुरक्षा सम्बन्धी व्यवस्था : (१) आयोगको मुल गेट लगायत आयोग परिसरमा सुरक्षा व्यवस्थाका लागि खटिने नेपाल प्रहरी दश जना सम्म र सशस्त्र प्रहरी बल, नेपालका दश जना सम्म सुरक्षाकर्मीलाई उपनिर्वाचनको मिति तोकिएको दिनदेखि मतगणना सम्पन्न भएको मितिले पैंतीस दिनसम्मका लागि Ω नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ ।

Ω आयोगको मिति २०७६-४-२९ को निर्णयले खाजा तथा खाना खर्चको लागि दैनिक पाँचसय देखि सातसय रुपैयाँ उपलब्ध गराउने प्रस्ताव भएकोमा अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

(२) उपनिर्वाचन अवधिमा निर्वाचन कार्यालयको सुरक्षाको लागि नेपाल प्रहरी पाँच जना सम्म र सशस्त्र प्रहरी परिचालन भएमा सो बलका पाँच जना सम्म गरी दश जना सम्म सुरक्षाकर्मीलाई त्यसरी परिचालन भएको अवधिको लागि Ω<u>नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम खाजा तथा खाना खर्चको रकम उपलब्ध गराइनेछ ।</u>

(३) मतदाता परिचयपत्र र मतपत्र छपाइस्थलमा खटिने वा मतपत्र ढुवानीको सुरक्षार्थ खटिने सुरक्षाकर्मी मध्ये आयोगले तोकेको संख्याका सुरक्षाकर्मीलाई त्यसरी खटिएको अवधिका लागि Ω<u>नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम खाजा तथा खाना खर्चको रकम उपलब्ध गराइनेछ ।</u>

(४) उपदफा (१) र (२) मा उल्लेख भए भन्दा बढी संख्यामा सुरक्षाकर्मी परिचालन भएको अवस्थामा सोही उपदफाहरुमा उल्लेख भए बमोजिमको खाजा तथा खाना खर्च वापतको रकम दामासाहीले उपलब्ध गराइनेछ ।

४९. <u>ढुवानी सम्बन्धी व्यवस्था</u> : आयोगले उपनिर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने मतपत्र, मतदाता परिचयपत्र लगायतका निर्वाचन सामग्री आयोगबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयसम्म ढुवानी गर्दा लागेको बिल अनुसारको रकम भुक्तानी गर्नेछ ।

५०. <u>आर्थिक व्यवस्थापन समिति</u> : (१) यस कार्यविधि बमोजिमको आर्थिक व्यवस्थापन, रकम बाँडफाँट र निकासा गर्न आयोगमा देहाय बमोजिमको आर्थिक व्यवस्थापन समिति रहनेछ :-

(क) सचिव, आयोग -संयोजक
(ख) सहसचिव, प्रशासन महाशाखा -सदस्य
(ग) उपसचिव, प्रशासन शाखा - सदस्य
(घ) उपसचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा - सदस्य
(ङ) उपसचिव, आर्थिक प्रशासन शाखा -सदस्य
{(च).........
(छ) लेखा अधिकृत, आयोग -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

---

Ω आयोगको मिति २०७६-४-२९ को निर्णयले खाजा तथा खाना खर्चको लागि दैनिक पाँचसय देखि सातसय रुपैयाँ उपलब्ध गराउने प्रस्ताव भएकोमा अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

{ अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा हटाइएको ।

{(३)........

{(४) ......

५१. <u>जिल्ला उपनिर्वाचन व्यवस्थापन समिति</u> : (१) उपनिर्वाचन व्यवस्थापन कार्यको समन्वय गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला उपनिर्वाचन व्यवस्थापन समिति रहनेछ :-

| | |
|---|---|
| (क) मुख्य निर्वाचन अधिकृत | -संयोजक |
| (ख) प्रमुख जिल्ला अधिकारी | -सदस्य |
| (ग) निर्वाचन अधिकृत | -सदस्य |
| (घ) जिल्ला समन्वय अधिकारी | -सदस्य |
| (ङ) जिल्लास्थित सुरक्षा निकायका प्रमुख | -सदस्य |
| (च) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख | -सदस्य |
| (छ) निर्वाचन अधिकारी | -सदस्य |
| (ज) मुख्य निवाचन अधिकृतले तोकेको सहायक निर्वाचन अधिकृत | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी तथा अन्य व्यक्ति तथा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं तीन जनासम्म आमन्त्रित सदस्यले मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट π<u>नेपाल सरकार, अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम</u> बैठक भत्ता तीन पटक सम्मको मात्र पाउनेछन् ।

५२. <u>अन्य समिति गठन सम्बन्धी व्यवस्था</u> : (१) आयोग वा सचिवालयले उपनिर्वाचन संचालन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार अन्य समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका समिति, उपसमिति वा कार्यदलका सदस्यलाई कार्यालय समय अघि वा पछि बैठक बस्दा नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

∀<u>(३) उपदफा (२) बमोजिमको बैठक भत्ता उपलब्ध गराउँदा एकजना कर्मचारीलाई एक दिनमा एक पटक भन्दा बढीको बैठक भत्ता उपलब्ध गराइने छैन ।</u>

---

{ अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा हटाइएको ।

π अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

५३. <u>खर्च शीर्षकमा हेरफेर वा थपघट</u> : आयोगले स्वीकृत बजेटको सीमाभित्र रही यस कार्यविधिमा उल्लेख भएका खर्च शीर्षकमा बाँडफाँट गरिएको रकम आवश्यकता र औचित्यको आधारमा हेरफेर, थपघट वा रकमान्तर गर्न सक्नेछ ।

५४. <u>थप बजेट माग गर्ने</u> : आयोगलाई उपनिर्वाचनका लागि विनियोजन भएको रकम उपनिर्वाचन संचालनको क्रममा नपुग भएमा आवश्यक पर्ने थप रकम नेपाल सरकार, अर्थ मन्त्रालयसँग माग गर्न सक्नेछ।

५५. <u>यस कार्यविधि बमोजिम हुने</u> : यस कार्यविधि बमोजिम खर्च गर्दा यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम खर्च गर्नु पर्नेछ ।

---

७ अर्थ मन्त्रालयको राय प्रतिक्रियाको आधारमा परिमार्जन गरिएको ।

अनुसूची-१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीको विवरण

(क) प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, स्थानीय तहको प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षको लागि

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | निर्वाचन अधिकृत | एक | |
| २ | सहायक निर्वाचन अधिकृत (रा.प. तृतीय श्रेणी) | एक | |
| ३ | लेखा अधिकृत वा लेखापाल | एक | |
| ४ | सहायक कर्मचारी (रा.प.अनं) | एक | |
| ५ | कम्प्युटर अपरेटर | एक | |
| ६ | सवारी चालक | एक | |
| ७ | सहयोगी कर्मचारी | दुई | |
| ८ | सुरक्षा गार्ड (पि.एस.ओ.) | एक | |

(ख) स्थानीय तहको वडाध्यक्षको लागि

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | निर्वाचन अधिकृत | एक | |
| २ | लेखा अधिकृत वा लेखापाल | एक | |
| ३ | सहायक कर्मचारी (रा.प.अनं) | एक | |
| ४ | कम्प्युटर अपरेटर | एक | |
| ५ | सवारी चालक | एक | |
| ६ | सहयोगी कर्मचारी | एक | |
| ७ | सुरक्षा गार्ड (पि.एस.ओ.) | एक | |

## अनुसूची-२

(दफा १३, दफा १४ को उपदफा (२), दफा १५,१६,१७,१८,१९ र दफा २८ को उपदफा (१) र (२) सँग सम्बन्धित)

### मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय संचालन खर्च

| क.सं | विवरण | प्रतिनिधिसभा सदस्य/प्रदेशसभा सदस्य उपनिर्वाचनको लागि | स्थानीय तहका सदस्यको उपनिर्वाचनको लागि |
|---|---|---|---|
| | | मु.नि.अ./नि.अ. | मु.नि.अ./नि.अ. |
| १. | कार्यालय संचालन | रु. १३००००।- | उपमहानगरपालिका रु.७५०००।-, गाँउपालिका ४००००।-, वडा रु. ३००००।- |
| २. | पानी तथा विजुली | रु. १००००।- | रु. ५५००।- |
| ३. | संचार महशूल | रु. ५०००।- | रु. ५०००।- |
| ४. | घर भाडा (गोदाम समेत) | रु. ३००००।- | म.न.पा. उ.म.न.पा. रु. ३००००।- न. पा. रु. २५०००।- गा. पा. रु. २००००।- |
| ५. | संचालन तथा मर्मत संभार | रु. २५०००।- | रु. २५०००।- |
| ६. | इन्धन तथा अन्य इन्धन | रु. ३००००।- | गाडी रु. २५०००।-<br>वा मोटरसाइकल रु. ७०००।- |
| ७. | मतगणना व्यवस्थापन खर्च | २०००० मतदाता भएमा रु. २००००।-<br>५०००० मतदाता भएमा रु. ३००००।-<br>८०००० मतदाता भएमा रु. ४००००।-<br>८०००० भन्दा बढी मतदाता भएमा रु. ५००००।- | म.न.पा., उ.म.न.पा. रु. २००००।- न.पा. रु. १८०००।- गा.पा. रु. १५०००।- |
| ८. | मतगणना खाजा र चियापान | रु. ५०००।- | रु. ५०००।- |
| ९. | विविध | रु. १५०००।- | रु. १२०००।- |

अनुसूची-३

(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

मतदान केन्द्रमा खटिने कर्मचारीको विवरण

(क) २५० सम्म मतदाता भएको मतदान केन्द्रका लागि

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मतदान अधिकृत | एक | |
| २ | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन समेत) | एक | |
| ३ | सहायक कर्मचारी (मतदाता नामावली रुजु गर्नको लागि) | एक | |
| ४ | सहयोगी कर्मचारी | एक | |
| ५ | स्वयंसेवक (मतदान गरेका मतदाताको तथ्यांक राख्ने र नङमा मसी लगाउन महिला-१, मतदातको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि -१) | दुइ | |

(ख) २५१ देखि ५०० सम्म मतदाता भएको मतदान केन्द्रका लागि

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मतदान अधिकृत | एक | |
| २ | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन समेत) | एक | |
| ३ | सहायक कर्मचारी (मतदाता नामावली रुजु गर्नको लागि र मतपत्र दिनको लागि) | दुई | |
| ४ | सहयोगी कर्मचारी | एक | |
| ५ | स्वयंसेवक (मतदान गरेका मतदाताको तथ्यांक राख्ने र नङमा मसी लगाउन महिला-१, मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि -१) | दुई | |

(ग) ५०१ देखि १००० सम्म मतदाता भएको मतदान केन्द्रका लागि

| क.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मतदान अधिकृत | एक | |
| २ | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन समेत) | एक | |
| ३ | सहायक कर्मचारी (मतदाता नामावली रुजु गर्नको लागि र मतपत्र दिनको लागि ) | दुई | |
| ४ | सहयोगी कर्मचारी | एक | |
| ५ | स्वयंसेवक (मतदान गरेका मतदाताको तथ्यांक राख्ने र नङमा मसी लगाउन महिला-१, मतदाताको लाइन व्यवस्थापन-१ र अन्य सहयोगको लागि -२) | चार | |

अनुसूची-४

(दफा २० को उपदफा (३) र (४) र दफा २१, २२,२३ र २४ सँग सम्बन्धित)

मतदान केन्द्रमा खटिने कर्मचारीको दैनिक भत्ता, मतदान अधिकृतको थप सुविधा, मतदान केन्द्र निर्माण लगायतका खर्च

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | मतदान अधिकृत | रु.२५००।- | प्रतिदिन |
| | मतदान अधिकृतको थप सुविधा | रु.३५००।- | एकमुष्ट (मोबाइल तथा अन्य) |
| २ | सहायक मतदान अधिकृत | रु.२०००।- | प्रतिदिन |
| ३ | सहायक कर्मचारी | रु.१६००।- | प्रतिदिन |
| ४ | सहयोगी कर्मचारी | रु.१२००।- | प्रतिदिन |
| ५ | स्वयंसेवक | रु.१०००।- | प्रतिदिन |
| ६ | मतदान केन्द्र निर्माण खर्च | रु. ५०००।- | भवन उपलब्ध भएका |
| | | रु. १००००।- | भवन उपलब्ध नभएका |
| ७ | बत्ती तथा अन्य खर्च | रु. १५००।- | एकमुष्ट |
| ८ | मतपेटिका ढुवानी खर्च | रु. ४००।- | प्रति १५ कि. मि. |

अनुसूची-५

(दफा २५ सँग सम्बन्धित)

निर्वाचन आयोग

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं......... /गाउँपालिका/नगरपालिका

....................वडा नं ................ जिल्ला .................

**मतदान केन्द्र सम्बन्धी खर्च बुझाएको भर्पाई**

नियुक्तिपत्रको च.नं. ... ... मितिः- ... ... ........

१. खटिएको मतदान केन्द्रः ... ... ...

२. मतदान केन्द्रको क्रम संख्याः ... ...

३. सदरमुकामबाट मतदान केन्द्रको दूरी (कि.मि.मा) ... ... ...

४. सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म आउँदा लाग्ने दिन (प्रतिदिन १५ कि.मि.को दरले) ... ... ...

५. मतपेटिका ढुवानी गर्न लाग्ने जम्मा दिन (आतेजाते समेत) ... ... ...

६. मतदान अधिकृतको नाम, थरः

७. कार्यालयः

८. मतदान केन्द्रको खर्चः

| सि.नं. | विवरण | दर | दिन | संख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मतदान अधिकृतको थप सुविधा | | | | | |
| २ | स्वयंसेवक खर्च | | | | | |
| ३ | मतदान केन्द्र निर्माण खर्च | | | | | |
| ४ | बत्ती तथा अन्य खर्च | | | | | |
| ५ | ढुवानी खर्च | | | | | |
| ६ | जम्मा रकम (अंक र अक्षरमा) | | | | | |

माथि उल्लेख भए बमोजिम रकम बुझी लिने कर्मचारीको -

नामः सही र मितिः

रकम दिने कर्मचारीको

नामः सही र मितिः

प्रमाणित गर्ने अधिकृतको

नामः सही र मितिः

अनुसूची-६

(दफा २७ को उपदफा (१) सँग सम्बन्धित)

मतगणना टोलीमा खटिने कर्मचारीहरूको विवरण

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक | |
| २ | सहायक मतगणना अधिकारी (अधिकृतस्तर) | एक | |
| ३ | मतगणना सहायक (रा.प.अनं.) | एक | |
| ४ | गणक<br>(क) कम्प्युटर अपरेटर - एक<br>(ख) सहायक कर्मचारी - दुइ | तीन | |
| ५ | सहयोगी कर्मचारी | एक | |
| ६ | सुरक्षा गार्ड (पि.एस.ओ.) | एक | |

अनुसूची-७

(दफा २७ को उपदफा (२), (३), (४) र (५) सँग सम्बन्धित)

मतगणनामा खटिने कर्मचारीहरूको सुविधा

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | रु. २५००।- | प्रति सिफ्ट |
| | प्रमुख मतगणना अधिकारीको थप सुविधा (थप सिफ्ट समन्वय भत्ता) | रु. ५००।- | |
| २ | सहायक मतगणना अधिकारी | रु. २०००।- | |
| ३ | निर्वाचन कार्यालयको कर्मचारी (अधिकृतस्तर) | रु. २०००।- | |
| ४ | निर्वाचन कार्यालयको कर्मचारी (सहायकस्तर) | रु. १६००।- | |
| ५ | सहायक कर्मचारी/कम्प्यूटर अपरेटर | रु. १६००।- | |
| ६ | कार्यालय सहयोगी | रु. १२००।- | |
| ७ | सुरक्षा गार्ड (पि.एस.ओ.) | रु. ५००।- | |

अनुसूची-८

(दफा ३० को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं.......... /..................... /........ ........../..................

जिल्ला.................................................

वर्गीकरण बमोजिमको खर्चको फाँटवारी

| सि.नं. | खर्च वर्गीकरणको क्रियाकलाप | यस महिनाको खर्च | विनियोजित रकम | यस महिना सम्मको खर्च | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उपनिर्वाचन भत्ता | | | | | |
| २ | स्थानीय भत्ता | | | | | |
| ३ | भ्रमण खर्च | | | | | |
| ४ | पानी तथा विजुली | | | | | |
| ५ | संचार खर्च | | | | | |
| ६ | कार्यालय सम्बन्धी खर्च | | | | | |
| ७ | घर भाडा | | | | | |
| ८ | मर्मत तथा संभार | | | | | |
| ९ | इन्धन तथा अन्य इन्धन | | | | | |
| १० | मतदानस्थल निरीक्षण खर्च | | | | | |
| ११ | विविध खर्च | | | | | |
| १२ | मतदान केन्द्रमा खटिने कर्मचारीको सुविधा | | | | | |
| १३ | मतदान अधिकृतको थप सुविधा | | | | | |
| १४ | स्वयंसेवकको खर्च | | | | | |
| १५ | मतदान केन्द्र निर्माण खर्च | | | | | |
| १६ | बत्ती तथा अन्य खर्च | | | | | |
| १७ | ढुवानी खर्च | | | | | |
| १८ | मतगणना जनशक्तिको खर्च | | | | | |
| १९ | मतगणना व्यवस्थापन खर्च | | | | | |
| २० | जिल्ला उपनिर्वाचन व्यवस्थापन समितिको खर्च | | | | | |

.............................. ............................

पेश गर्ने सदर गर्ने

अनुसूची-९

(दफा ४४ को उपदफा (२) सँग सम्बन्धित

मतदान सामग्री

| | | | |
|---|---|---|---|
| १ | मतपत्र | २९. | बाहिर लेखिएको कार्ड |
| २ | मतपेटिका | ३०. | पुरुष लेखिएको कार्ड |
| ३ | सुरक्षण सील (मतदान केन्द्रमा पठाउने प्रयोजन) | ३१. | महिला लेखिएको कार्ड |
| ४ | सुरक्षण सील (तालीम प्रयोजन) | ३२. | हातहतियार निषेध लेखिएको कार्ड |
| ५ | नउड्ने मसी भएको मार्कर पेन | ३३. | धुम्रपान निषेध लेखिएको कार्ड |
| ६ | स्वस्तिक छाप (रबर) | ३४. | मतदाता क्रम संख्या....देखि.....सम्म लेखिएको कार्ड |
| ७ | मतपेटिका स्टीकर | ३५. | मतदान केन्द्र लेखिएको कार्ड |
| ८ | स्वस्तिक छाप (पित्तल) | ३६. | प्लाष्टिक थैलो |
| ९ | स्टाम्प प्याड मसी | ३७. | प्लाष्टिक बोरा |
| १० | छेकाबारा | ३८. | उपनिर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, कार्यविधि |
| ११ | रबर म्याट | ३९. | उपनिर्वाचन आचारसंहिता |
| १२ | लाहा | ४०. | प्लाष्टिक सुतली |
| १३ | मार्कर पेन | ४१. | प्याकिङ्ग टेप |
| १४ | स्टयाम्प प्याड | ४२. | नेपाली कागजको खाम |
| १५ | पुसपिन (प्याकेट) | ४३. | निविदा मतपत्र राख्ने नेपाली खाम |
| १६ | क्लिप पिन | ४४. | सेतो कागज A 4 साइज |
| १७ | स्केल | ४५. | रेकर्ड फाइल (फित्ता सहित) |
| १८ | स्टापलर मेशिन | ४६. | धागो |

| | | | |
|---|---|---|---|
| १९ | स्टापलर पिन (बट्टा) | ४७. | सियो |
| २० | कैंची | ४८. | खाप्सियो (बोरा सिलाउन मिल्ने) |
| २१ | ग्लुस्टिक | ४९. | फलाटिन कपडा |
| २२ | सोसर | ५०. | सलाई |
| २३ | पन्चिङ मेशिन | ५१. | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म मतपत्र लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरू फिर्ता ल्याउन) |
| २४ | कर्मचारी परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५२. | कोरा कपडा (दुइ मिटरको टुक्रा) |
| २५ | स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५३. | जेलपेन (कालो) |
| २६ | मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५४. | जेलपेन (रातो) |
| २७ | मतगणना कर्मचारी परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५५. | मैनवत्ती प्याकेट |
| २८ | भित्र लेखिएको कार्ड | ५६ | पोलबुक |

↔